# अन्तर्राष्ट्रिय नेपाली नारी समाज

INTERNATIONAL NEPALESE WOMEN'S SOCIETY

**मिति: २१ अगस्ट २०२६**

**सम्माननिय कानुन मन्त्री सोबिता गौतम ज्यू,**
कानुन, न्याय तथा संसदीय मामला मन्त्रालय
सिंहदरबार, काठमाडौँ, नेपाल।

## विषय: ज्ञापनपत्र

**महिला हक, अधिकार र सुरक्षाका लागि तत्काल कानुन संशोधनको माग**

बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिका–१ की ३ वर्षीया बालिका गरिमा चौधरी तीन दिनदेखि बेपत्ता भई अन्ततः मृत अवस्थामा फेला परेको दुःखद घटनाप्रति अन्तर्राष्ट्रिय नेपाली नारी समाजको गम्भीर ध्यानाकर्षण भएको छ।

निर्दोष बालिकाको ज्यान जानु केवल एक परिवारको पीडा मात्र नभई बालबालिकाको सुरक्षा र राज्यको सुरक्षा तथा अनुसन्धान प्रणालीमाथि गम्भीर प्रश्न उठाउने घटना हो। घटनाको सत्यतथ्य निष्पक्ष रूपमा बाहिर ल्याई पीडित परिवारलाई न्याय दिलाउनु राज्यको दायित्व हो।

### हाम्रा मुख्य मागहरू

**१. निष्पक्ष अनुसन्धान:**
घटनाको तत्काल निष्पक्ष, स्वतन्त्र, पारदर्शी तथा वैज्ञानिक ढंगबाट अनुसन्धान गरी वास्तविक दोषीको पहिचान र कानुनी कारबाही सुनिश्चित गरियोस्।

**२. प्रमाण सुरक्षित गरियोस्:**
घटनासँग सम्बन्धित सबै प्रमाण सुरक्षित राखी आवश्यक फरेन्सिक तथा वैज्ञानिक परीक्षण गरियोस्।

**३. अनुसन्धानमा कुनै दबाब नहोस्:**
राजनीतिक, आर्थिक वा अन्य कुनै दबाबका कारण अनुसन्धान प्रभावित हुन नदिइयोस्। अनुसन्धानको प्रगति आवश्यक रूपमा पारदर्शी बनाइयोस्।

**४. दोषीलाई कडा कानुनी कारबाही:**
दोषी जोसुकै भए पनि कानुनको दायरामा ल्याई प्रमाणका आधारमा प्रचलित कानुनबमोजिम हदैसम्मको सजाय दिइयोस्। दोषीलाई संरक्षण गर्ने वा अनुसन्धान प्रभावित पार्ने व्यक्तिमाथि समेत कारबाही गरियोस्।

**५. पीडित परिवारलाई सहयोग:**
परिवारलाई तत्काल राहत, उचित क्षतिपूर्ति तथा आवश्यक कानुनी, मनोसामाजिक र मानवीय सहयोग उपलब्ध गराइयोस्।

**६. बालबालिकाको सुरक्षा बलियो बनाइयोस्:**
बालबालिका हराउनेबित्तिकै खोजी तथा उद्धार गर्न सकिने प्रभावकारी राष्ट्रिय संयन्त्र निर्माण तथा कार्यान्वयन गरियोस्।